# दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

## कीर्तिपुर, काठमाण्डौं

## २०८० आश्विन मसान्त सम्मको जारी

# स्वेत पत्र

## Contents


शेयरको स्थिति .................................................................... 2

कोषको स्थिति .................................................................... 2

बचतको स्थिति .................................................................... 2

वाह्य ऋण तथा सापटिको स्थिति .................................................................... 2

चालु दायित्वको स्थिति .................................................................... 2

कर दायित्वको स्थिति .................................................................... 2

नगद मौज्दातको स्थिति .................................................................... 2

वैंक मौज्दातको स्थिति .................................................................... 2

लगानीको स्थिति .................................................................... 3

चालु सम्पत्तिको स्थिति .................................................................... 3

स्थिर सम्पत्तिको स्थिति .................................................................... 3

०८० आश्विन मसान्त सम्मको नोक्सानी .................................................................... 3

ऋणलगानिको स्थिति .................................................................... 3

ऋणको वर्गीकरण .................................................................... 1

१. धितो भएको ऋण .................................................................... 2

क. ०८० पौष मसान्त सम्ममा हिसाव राफसाफ हुने .................................................................... 2

ख. असल ऋणि नियमित व्याज उठेको .................................................................... 2

ग. व्याज नउठेको हुनाले कानुनी प्रक्रियामा जानु पर्ने .................................................................... 2

२. धितो नभएको ऋण .................................................................... 3

क. ०८० पौष मसान्त सम्ममा हिसाव राफसाफ हुने .................................................................... 3

ख. असल ऋणि नियमित व्याज उठेको .................................................................... 3

ग. व्याज नउठेको हुनाले कानुनी प्रक्रियामा जानुपर्ने .................................................................... 4

हालको परिस्थितिमा बचत फिर्ताको कार्य दिशा .................................................................... 4

भुक्तानी कार्ययोजनाहरु .................................................................... 5

वचतकर्ता लाई वचतको सुरक्षाको सुनिश्चितता .................................................................... 6

सहकारीहरुको यस संकट घडीमा सहकारीका सम्पूर्ण सदस्य महानुभवहरुलाई आफ्नो बचत सुरक्षित भएको वा नभएको तथा बचत फिर्ताको लागि संस्थासंग कार्य तालिका रहेको वा नरहेको तथा संस्था सुरक्षित वा असुरक्षित जस्तोसुकै रहेको भए पनि संचालक समिति जवाफदेही हुने गरी यथास्थितिमा संस्थाको सदस्य प्रतिको दायित्व सम्झेर यो **स्वेत पत्र** जारी गरेको छ जसमा शेयरको हिसाव, कोषको हिसाव, बचतको हिसाव, सम्पतिको हिसाव, दायित्वको हिसाव तथा कर्जाको स्थितिलाई जस्ताको त्यस्तै प्रस्तुत गरी सोही अनुसार बचत फिर्ता गर्ने योजना राखिएको छ ।

संस्थाको २०८० आश्विन मसान्त सम्मको स्थिती यस प्रकार रहेको छ ।

## ०८० आश्विन मसान्त सम्मको वित्तिय स्थितिको विवरण

| **विवरण** | **०८० आश्विन मसान्त सम्मको हिसाव** |
|---|---|
| **पूँजी तथा दायित्व** | |
| शेयर पूँजी | २२,४६,३२,१००.०० |
| कोष को हिसाव | १०,८७,०७,२०६.४० |
| बचत तथा निक्षेप | ८९,२१,८४,६४३.७० |
| वाह्य ऋण तथा सापटि | ३४,७६,१६,१७३.६८ |
| चालु दायित्व तथा व्यवस्था | ४४,१७,९९६.२४ |
| कर दायित्व | १,७४,५६,८२६.६९ |
| **जम्मा** | **१,५९,५०,१४,९४६.७१** |
| **सम्पत्ति तथा जायजेथा** | |
| नगद मौज्दात | ५,४२,९८८.३१ |
| वैक मौज्दात | ३०,०७,३७५.०८ |
| लगानी हिसाब | २०,९५,५००.०० |
| कर्जा तथा सापट हिसाव | १,४८,६७,१३,२००.३५ |
| चालु सम्पत्ति | ६,८६,९९८.२७ |
| स्थिर सम्पत्ति | १०,१९,६८,८८४.७० |
| **जम्मा** | **१,५९,५०,१४,९४६.७१** |

स्वेत पत्र

## शेयरको स्थिति

यस संस्थामा अहिलेको शेयर सङ्ख्या १३,६४० रहेको छ र कूल रकम भने रु.२२,४६,३२,१००.०० रहेको छ ।

## कोषको स्थिति

यस संस्थामा जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष, सहकरी प्रवर्दन कोष, घाटा पूर्ति कोष ऋण नोक्सानी व्यवस्था कोष, लगायत अरु विभिन्न कोषहरु गरी कूल रु. १०,८७,०७,२०६.४० बराबरको रकम जम्मा भएको छ ।

## बचतको स्थिति

यस संस्थामा क्रमिक बचत, आवधिक बचत, बिशेष वचत, कर्मचारी बचत लगायत अरु विभिन्न प्रकारका बचतहरु गरी कूल रु. ८९,२१,८४,६४३.७० बराबर रकमको बचत जम्मा भएको छ ।

## वाह्य ऋण तथा सापटिको स्थिति

यस संस्थामा राष्ट्रिय सहकारी बैंक लिमिटेड र काठमाण्डौं बचत तथा ऋण सहकारी संघ लि. बाट उठाइएको कूल दायित्व रु. ३४,७६,१६,१७३.६८ को रहेको छ ।

## चालु दायित्वको स्थिति

यस संस्थामा अरु विभिन्न प्रकारका तिर्नुपर्ने दायित्वहरु जस्तै तिर्नुपर्ने तलव, तिर्नुपने लेखापरिक्षण शुल्क, कार्यालयको तिर्नुपर्ने वहाल, तिर्नुपर्ने साहु इत्यादि गरी रु. ४४,१७,९९६.२४ रहेको छ ।

## कर दायित्वको स्थिति

यस संस्थामा अहिलै सम्म तिर्नुपर्ने विभिन्न कर दायित्वहरु रु. १,७४,५६,८२६.६९ रहेको छ ।

## नगद मौज्दातको स्थिति

यस संस्थामा कूल रु. ५,४२,९८८.३१ को नगद रहेको छ ।

## वैक मौज्दातको स्थिति

यस संस्थामा क वर्गका वित्तिय संस्था र ख वर्गका वित्तिय संस्थामा गरि कूल रु. ३०,०७,३७५.०८ को मौज्दात रहेको छ ।

## लगानीको स्थिति

राष्ट्रिय सहकारी वैक लि., नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.,काठमाण्डौं बचत तथा ऋण सहकारी संघ लि., जिल्ला बचत संघ लि. मा यस संस्थाले कूल रु. २०,९५,५००.०० को लगानी गरेको पाईन्छ ।

## चालु सम्पत्तिको स्थिति

यस संस्थामा विभिन्न प्रकारका रकम गरि कूल रु. ६,८६,९९८.२७ को चालु सम्पत्ति रहेको छ । यसमा अग्रिम कर कट्टि, विमाको अग्रिम भुक्तानी, आदि रहेको छ ।

## स्थिर सम्पत्तिको स्थिति

यस संस्थामा जग्गा, सवारी साधन, भवन, जेनेरेटर, फर्निचर, आदि जस्ता रु. १०,१९,६८,८८४.७० बराबरको स्थिर सम्पत्ति रहेको छ ।

## ०८० आश्विन मसान्त सम्मको नोक्सानी

आश्विन मसान्त सम्म यस संस्था रु. ७७,३४,१८९।२९ ले घाटामा देखिन्छ । तर व्याज मुल्तवीमा अथवा उठाउन वाकि व्याज आश्विन मसान्त सम्म रु ७,१७,२१,१३८।७० रहेको हुनाले सम्पुर्ण व्याज रकम उठेमा संस्था रु ६,४१,८६,९४९।४१ नाफामा आउने कुरा जानकारी गराउन चाहन्छु ।

## ऋण लगानिको स्थिति

यस संस्थामा विभिन्न प्रकारका रु. १,४८,६७,१३,२००.३५ रकमको कर्जा लगानि रहेको छ ।

यस अन्तर्गत हामीले ऋणलाई दुई भागमा वर्गीकरण गरी असुलीको समय अवधि सहित प्रस्तुत गरिएको छ भने सहकारी ऐन, २०७४ को दफा ६१ अनुसार गोपनियता कायम गर्न ऋणीको नाम उल्लेख गरिएको छैन तर सो ऋणको व्यक्तिगत जानकारी चाहिएमा संस्थामा सम्पर्क गरी प्रत्येक ऋणीको स्थिति बुझ्न सकिने छ ।

## ऋणको वर्गीकरण


ऋण
धितो भएको ऋण
धितो नभएको ऋण
०८० पौष मसान्त सम्ममा हिसाव राफसाफ हुने
असल ऋणि नियमित व्याज उठेको
व्याज नउठेको हुनाले कानुनी प्रकियामा जानु पर्ने
०८० पौष मसान्त सम्ममा हिसाव राफसाफ हुने
असल ऋणि नियमित व्याज उठेको
व्याज नउठेको हुनाले कानुनी प्रकियामा जानुपर्ने

## १. धितो भएको ऋण

यस अन्तर्गत संस्थाले लगानी गरेका ऋणीहरु सँग धितो लिई कर्जा प्रवाह गरेको ऋणीहरु बुझिन्छ ।

यस प्रकारका कूल ऋण रु.८७,९७,२४,२०४।४६ रहेको छ भने उठ्नुपर्ने ब्याज रु. ३,१५,४७,६३७५६ रहेको छ । यस प्रकारको ऋणलाई विभिन्न भागमा वर्गीकरण गरेका छन् ।

### क. ०८० पौष मसान्त सम्ममा हिसाव राफसाफ हुने

यस अन्तर्गत संस्थाले लगानी गरेका ऋणीहरु सँग धितो लिएको र पौष मसान्त सम्म ऋण तथा ब्याज गरी सम्पूर्ण दायित्व चुक्ता गर्ने ऋणीहरु बुझिन्छ । यस्ता प्रकारका ऋणीहरु सहकारीको दीर्घकालीन हितका लागि आवश्यक छन् ।

यस प्रकारका ऋण रु. १,८६,४१,२७९।२३ रहेको छ भने उठ्नुपर्ने ब्याज रु. ७,५६,९४४।४३ रहेको छ ।

### ख. असल ऋणि नियमित ब्याज उठेको

यस अन्तर्गत संस्थाले लगानी गरेका ऋणीहरु सँग धितो लिई कर्जा लगानी गरेको बुझिन्छ भने त्यस्ता प्रकारका ऋणीहरु बाट ब्याज भने समय मै उठेको देखिन्छ । यस्ता प्रकारका ऋणीहरु सहकारीको दीर्घकालीन हितका लागि आवश्यक छन् तर अहिलेको परिस्थितीले गर्दा ऋणि हरुलाई असल भन्ने अवस्था नरहेको बुझिन्छ ।

यस प्रकारका ऋण रु. ८१,९७,१२,९२५।२३ रहेको छ भने उठ्नुपर्ने ब्याज रु. २,६३,८०,५१४।३६ रहेको छ ।

### ग. ब्याज नउठेको हुनाले कानुनी प्रक्रियामा जानु पर्ने

यस अन्तर्गत संस्थाले लगानी गरेका ऋणीहरु सँग धितो लिई कर्जा लगानी गरेको बुझिन्छ भने त्यस्ता प्रकारका ऋणीहरु बाट ब्याज भने समय मै नउठेकोले कानूनी प्रक्रियामा गई त्यस्ता प्रकारका ऋणलाई संस्थाले तदारुपकता साथ धितो लिलाम गरी कर्जा असुल्ने कार्यमा लाग्नेछ अथवा धितोलाई संस्थाले गैर बैकिङ्ग सम्पति मानि संस्थाको

स्वामित्वमा ल्याई बिक्रि गरी ऋण असुली उपर गर्ने छ अथवा सो बैकिङ्ग सम्पति नै बचतकर्तालाई आपसी सम्झदारीमा हस्तान्तरण गर्ने छ ।

यस प्रकारका ऋण रु. ४,१३,७०,०००।०० रहेको छ भने उठ्नुपर्ने ब्याज रु. ४४,१०,१७८।७७ रहेको छ ।

## २. धितो नभएको ऋण

यस अन्तर्गत संस्थाले लगानी गरेका ऋणीहरु सँग धितो नलिई तर व्यक्तिगत जमानीमा कर्जा प्रवाह गरेको ऋणीहरु बुझिन्छ ।

यस प्रकारका कूल ऋण रु. ६०,६९,८८,९९५।८९ रहेको छ भने उठ्नुपर्ने ब्याज रु. ४,०३,७३,५०१।१४ रहेको छ । यस प्रकारको ऋणलाई विभिन्न भागमा वर्गीकरण गरेका छन् ।

### क. ०८० पौष मसान्त सम्ममा हिसाव राफसाफ हुने

यस अन्तर्गत संस्थाले लगानी गरेका ऋणीहरु सँग धितो नलिएको तर व्यक्तिगत जमानीमा कर्जा लगानी गरेको बुझिन्छ जसले आषढ मसान्त सम्म ऋण तथा ब्याज गरी सम्पूर्ण दायित्व चुक्ता गर्ने ऋणीहरु बुझिन्छ ।

यस प्रकारका ऋण रु. १७,१४,१२,२१३।१७ रहेको छ भने उठ्नुपर्ने ब्याज रु. १,१२,३०,६५१।८८ रहेको छ ।

### ख. असल ऋणि नियमित व्याज उठेको

यस अन्तर्गत संस्थाले लगानी गरेका ऋणीहरु सँग धितो नलिएको तर व्यक्तिगत जमानीमा कर्जा लगानी गरेको बुझिन्छ भने त्यस्ता प्रकारका ऋणीहरु बाट ब्याज भने समय मै उठेको देखिन्छ । सहकारी ऐन अनुसार कुनै प्रकारका कर्जा प्रवाहा गर्दा धितो अनिवार्य भएकोले यस्ता ऋणीहरु सँग धितो लिने कामलाई अगाडि बढाईनेछ ।

यस प्रकारका ऋण रु. ४१,७१,२९,६४९।५७ रहेको छ भने उठ्नुपर्ने ब्याज रु. २,८४,२६,३४९।८६ रहेको छ ।

**ग. व्याज नउठेको हुनाले कानुनी प्रक्रियामा जानुपर्ने**

यस अन्तर्गत संस्थाले लगानी गरेका ऋणीहरु सँग धितो नलिएको तर व्यक्तिगत जमानीमा कर्जा लगानी गरेको बुझिन्छ भने त्यस्ता प्रकारका ऋणीहरु बाट ब्याज भने समय मै नउठेको देखिन्छ । यस्ता प्रकारका ऋणमा जमानीकर्ता उपर कारवाही गरिनेछ अन्यथा संचालक समितिको जायजेथा  रोक्का गरी सो सम्पतिको बिक्रि गरी ऋण असुली उपर गरिने छ ।

यस प्रकारका ऋण रु. १,८४,४७,१३३।१५ रहेको छ भने उठ्नुपर्ने ब्याज रु. ७,१६,४९९।४० रहेको छ ।

पुनश्चः यदी माथि वर्गिकरण गरिएका ऋण कुनै परिस्थितीले नउठेमा र वचतकर्ता को वचत जोखिम भएमा सम्पुर्ण वचत कर्ता को वचत फिर्ता गर्न संचालक समिती को जायजेथा तथा चल अचल सम्पत्ती वाट असुल उपर गरिने छ ।

# हालको परिस्थितिमा बचत फिर्ताको कार्य दिशा

बचत फिर्ता नपाएका बचतकर्ताहरु निक्षेपकर्ताहरुलाई निक्षेप रकम भुक्तानी गर्न योजना अर्न्तगत हाल कर्जा असुली प्रकियालाई तिब्र बनाइएको  र उक्त कार्यबाट संकलित केही ऋण रकम तथा केही निक्षेप रकम संचालक सदस्यहरुबाट उठाई फिर्ता गर्ने कार्य योजना यस प्रकारको छ ।

- सबै भन्दा पहिला स्वाथ्यलाभ लिइरहेका ६० वर्ष माथिका जेष्ठ सदस्यहरुको कमवद्ध रुपमा वचत फिर्ता गरिने ।
- स्वास्थ उपचार तथा अत्यावश्यक सामाजिक खर्चको लागि निक्षेपकर्ताहरुबाट माग भए बमोजिम स–सना रकम भुक्तानी प्रक्रियामा रहेको छ । एक हजार देखि पचास हजार सम्मका निक्षेपलाई पहिलो प्राथमिकता दिईनेछ ।
- त्यसपछि, एकल महिलाहरुको वचत फिर्ता गरिने छ ।
- त्यसपछि, कमवद्ध रुपमा अन्य सदस्यहरुलाई नगद व्यवस्थापन समितिको सिफारिस र आवश्यकता हेरि कर्जा फिर्ताको अनुपात मिलाएर वचत फिर्ता गरिने छ ।
- नगद व्यवस्थापन समितिले दिएको वचत फिर्ता योजनामा साना वचत कर्ता ( रु ५०,००० सम्मका )  लाई यहि आर्थिक वर्ष भित्र वचत रकम फिर्ता गरिने छ जुन

फिर्ता गरिने रकम कर्जा असुली समितिले दिएको तथ्याङकलाई आधार वनाएर वनाईएको छ ।

- बाल बच्चाहरुको बिद्यालयको मासिक शुल्क र बैंकको किस्ता समेत तिर्न सहकारीको ब्याजमा निर्भर भएका सदस्यहरुको पहिचान गरी प्राथमिकतामा राखि वचत फिर्ता भुक्तानी गरिने ।
- फिर्ता गरिने रकम कर्जा असुली समितीले दिएको तथ्याË लाई आधार वनाएर वनाईएको छ ।
- बाल बच्चाहरुको बिद्यालयको मासिक शुल्क र बैंकको किस्ता समेत तिर्न सहकारीको ब्याजमा निर्भर भएका सदस्यहरुको पहिचान गरी प्राथमिकतामा राखि वचत फिर्ता भुक्तानी गरिने ।

## भुक्तानी कार्ययोजनाहरु

| क्र.सं. | **फिर्ता गर्ने श्रोत** | **अनुमानित रकम** |
|---|---|---|
| क. | धितो भई असल ऋणि नियमित व्याज उठेकोबाट आ.व. ०८० ।०८१ मा पन्ध्र प्रतिशत कर्जा अशुली गर्ने योजना । | रु. १२,२९,५६,९३८।७८ |
| ख. | धितो भई व्याज नउठेको हुनाले कानुनि प्रक्रियामा गई आ.व. ०८० ।०८१ मा पन्ध्र प्रतिशत कर्जा अशुली गर्ने योजना । | रु. २७,९६,१९१।८८ |
| ग. | धितो नभई असल ऋणि, नियमित व्याज उठेका पचास प्रतिशत ऋणीहरुबाट धितो संकलन गर्ने साथसाथै आ.व. ०८० ।०८१ मा पन्ध्र प्रतिशत कर्जा अशुली गर्ने योजना । | रु. ६,२५,६९,४४७४४ |
| घ. | धितो नभई व्याज नउठेको हुनाले कानुनि प्रक्रियामा गई आ.व. ०८० ।०८१ मा पन्ध्र प्रतिशत कर्जा अशुली गर्ने योजना साथसाथै पचास प्रतिशत ऋणीहरुबाट धितो संकलन गर्ने | रु. २,५७,११,८३१।९८ |

यसरी विभिन्न प्रकारका ऋणहरुबाट मात्र पनि पन्ध्र प्रतिशतको हिसाबले कर्जा अशुली गर्न सफल भए कूल रु. २१,४०,३४,४१०।०८ को संकलन हुन्छ जुन बचत तथा निक्षेपकर्ताहरुलाई यो आर्थिक वर्षमा फिर्ता गर्ने र विस्तारै आउने आर्थिक वर्षमा पनि परिस्थिती हेरी यहि योजना अन्तर्गत कार्य गरिनेछ ।

# वचतकर्ता लाई वचतको सुरक्षाको सुनिश्चितता

- वि. सं. २०६७ देखि संचालन भई १३ वर्षको इतिहास भएको
- अहिलेको कठिनाइको अवस्थामा पनि नियमित रुपमा संस्था संञ्चालन भईरहेको
- यस संस्थामा सबै सदस्यहरु समुदायमा आधारित भएकोले
- संस्थाका सबै संचालक सदस्यहरु निरन्तर रुपमा साधारण सदस्यहरुको सम्पर्कमा रहेको र समस्या समाधानका उपायहरुबारे निरन्तर सदस्यहरुसँग छलफलमा रहेको ।
- यस संस्थाले आफ्नो सदस्यहरुको हितको लागि कर्जा लगानीमा लिईएको धितोहरु र त्यसको मूल्याङ्कन जसको वजार मुल्य कर्जा असुल उपर गर्न मनग्य रहेको ।
- यस संस्थाका संञ्चालक तथा लेखा समितिमा रहेका पदाधिकारीहरुको नाममा रहेको सम्पत्तिहरु ईच्छुक वचतकर्ताहरुलाई वितरण समेत गर्न सकिनेछ ।
- नियमनकारी निकायबाट प्राप्त सुझाव निर्देशनको पालना गर्दै तयार गरिएको यो **श्वेत पत्र**मा दायित्व र सम्पत्तिको अनुपातमा सम्पत्ति सकारात्मक देखिएकोले अधिकतम २४ महिना भित्र संस्थाको तरलता समस्या समाधान हुने पूर्ण विश्वास लिइएको छ ।

“ग्रीन सिटि, ग्रीन गार्डन” तथा “शुभकामना हाउजिङ्ग एण्ड रियल स्टेट” नामक हाउजिङ्ग कम्पनीका लगानि कर्ताहरु संग यस संस्थाका संचालक सदस्य हरुको लेन देन कारोवार भएका हुदाँ सोहि जग्गा इच्छुक सदस्यहरुलाई यस हाउसिङ्ग कम्पनीमा लिने सुविधा पनि उपल्बध छ ।

# Appendix



# Ratnanagar Nagarpalika -4 , Chitwan

